आ.व. २०७६/०७७ को पन्ध्रौ बैठक

आज मिति २०७७ साल वैशाख १७ गते दिउँसो २:०० बजे रासी गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

## उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, रासी गाउँकार्यपालिका ।
उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,रासी गाउँ कार्यपालिका ।
सदस्य श्री टेकबहादुर कुमाल,रासी गाउँ कार्यपालिका ।
सदस्य श्री बेदप्रसाद चौधरी, रासी गाउँ कार्यपालिका ।
सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, रासी गाउँ कार्यपालिका ।
सदस्य श्री कुवारी देवी कार्की, रासी गाउँ कार्यपालिका ।
सदस्य श्री जगतबहादुर थापा, रासी गाउँकार्यपालिका ।
सदस्य श्री विष्णु गुरुङ्ग, रासी गाउँकार्यपालिका ।
सदस्य श्री ताराबहादुर डि.सी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री गोकर्णबहादुर रानामगर, रासी गाउँकार्यपालिका ।
सदस्य श्री गोवर्धन रावत, रासी गाउँकार्यपालिका ।
सदस्य श्री विद्याशरण चौधरी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री सुनिता मल्ल, रासी गाउँकार्यपालिका ।
सदस्य श्री ताराकुमारी चौधरी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री चन्दर चौधरी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री रिमबहादुर सुनारी मगर, रासी गाउँकार्यपालिका ।
सदस्य श्री संजिव परियार, रासीगाउँ कार्यपालिका ।
सचिव श्री शोभाराम रिजाल, रासी गाउँ कार्यपालिका ।

आमन्त्रित

श्री धन प्रसाद शर्मा, लेखा अधिकृत ।
श्री विश्वास वि.क. शाखा अधिकृत
श्री नारायण राउत स्वास्थ्य संयोजक
श्री रेशमराज अधिकारी स.ले.पा. ।

२०७७ वैशाख १७ गते बसेको १५ औं बैठकका निर्णयहरु

राप्ती गाउँपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षतामा राप्ती गाउँ कार्यपालिकाको आज मिति २०७७ वैशाख १७ गते बसेको १५ औं बैठकमा देहाय बमोजिमका निर्णय गरियो ।

निर्णय नं १. दाङ देउखुरी क्षेत्रको सिंचाई प्रणालीलाई बर्षाको समय सुरु हुन अगावै व्यवस्थापन गर्नुपर्ने भएकोले प्रगन्ना सिचाई आयोजनाको २ नं र ३ नं इन्टेकमा पानी सञ्चालन गर्नका लागि राप्ती नदीबाट इन्टेक सम्म च्यानलाईज गरी पानी ल्याउनका लागि २०७७/०१/१७ गते देखि २०७७/०२/०१ गते सम्मको अवधिमा मेसीन प्रयोग गरी कुलो खन्न अनुमति प्रदान गर्ने र यसरी निस्केको नदिजन्य पदार्थको व्यवस्थापन प्रचलित कानूनको अधीनमा गाउँपालिकाले गर्ने ।

निर्णय नं २. गाउँपालिका क्षेत्र सञ्चालनमा रहेका विकास निर्माण योजनाहरुलाई जिल्ला प्रशासन कार्यालयको च.न. ६४६४ को पत्र अनुसारको मापदण्डका आधारमा सञ्चालनका लागि सहजीकरण तथा समन्वय गर्ने ।

निर्णय नं ३. आ.व. २०७७/७८ का लागि संघीय सरकारमा पालिकास्तरिय गौरबका निम्नानुसारका बहुबर्षिय योजना माग तथा सिफारिस गर्ने ।

१. गाउँपालिकाको प्रशासकीय कार्यालय भवन -रु.५ करोड
२. राप्ती चक्रपथ निर्माण- रु.३४ करोड
३. मझेनीगढ डोलय खोला पक्की पुल निर्माण- रु.३ करोड
४. पत्थरगढवा सानो नदीमा पक्की पुल निर्माण- रु.२ करोड
५. राप्ती गाउँपालिका स्तरिय अस्पताल निर्माण मसुरिया- रु.५ करोड

निर्णय नं ५ वडास्तरमा कोभिड १९ कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणका लागि वडाध्यक्षको संयोजकत्वमा निम्नानुसारको स्वयंसेवक समिति गठन गर्ने ।

वडाध्यक्ष- संयोजक
स्वास्थ्यकर्मी- सदस्य
महिला स्वास्थ्य स्वयंसेविका- सदस्य
स्वयंसेवक/ रेडक्रस/ गैरसका प्रतिनिधि २-३- सदस्य
प्रहरी प्रतिनिधी -सदस्य

निर्णय नं ६. विदेश तथा नेपालका विभिन्न ठाउँबाट यस राप्ती गाउँपालिकामा प्रवेश गरेका व्यक्तिहरुलाई क्वारेन्टाइनमा राख्नको लागि वडास्तरमा क्वारेन्टाइन विस्तार गर्ने । क्वारेन्टाइन बनाउन उपयुक्त विद्यालयहरुलाई उपयोग गर्ने । व्यक्तिहरुलाई क्वारेन्टाइनमा राख्नुपर्ने भएमा सो निर्णयानुसार ५ को समितिको राय परामर्शमा मात्र क्वारेन्टाइन वा होम क्वारेन्टाइनमा राख्ने ।

निर्णय नं ७ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि गरिएको परिपत्रमा मानिसहरुको जनघट हुने सार्वजनिक स्थलहरुमा disinfection तथा सरसफाई गराउने भनी उल्लेखित भई आएकोले यस गाउँपालिकाका १-८ सम्मका वडाहरुका सार्वजनिक स्थलहरुमा Viroclean's ( Potassium peroxymonosulphate 21.41% + Sodium chloride 1.5% ) को प्रयोग गरी Disinfection गरे वापत मनकामना पोल्टी केयर सेन्टरबाट पेश भएको बिल रकम रु रु. ४,१०,२५६।- गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्ने ।

नुमानन्द सुवे

२०७७ वैशाख १७ गते बसेको १५ औं बैठकका निर्णयहरु

निर्णय नं ६. सबै वडा कार्यालयहरुमा हुने व्यक्तिगत घटना दर्ता र गाउँपालिकाबाट मापदण्ड पुरा गरेका प्रसुति आमाहरुलाई दिइदै आइ रहेको प्रोत्साहन भत्ता भुक्तानी गर्दा लगडाउनको अवधीलाई गणना नगरी कार्यान्वयन गर्ने ।

निर्णय नं ७. राप्ती गाउँपालिका भित्रका विद्यालयहरुमा सञ्चालित कक्षा १ देखि ९ सम्मको विद्यालयहरुबाट लिएको वार्षिक परीक्षाको नतिजा सम्बन्धित परीक्षा समितिले सामाजिक दुरी कायम गरी प्रकाशन गर्ने नतिजा प्रकाशन गर्दा सूचना प्रविधिको प्रयोग गर्ने । हाललाई विद्यालयहरुले शैक्षिक सत्र २०७७ को लागि भर्ना प्रक्रिया अगाडी नबढाउने ।

निर्णय नं ८. राप्ती गाउँ कार्यपालिकाका सदस्यबाट पालिकास्तरिय प्रकोप व्यवस्थापन कोषमा एकमुष्ठ रु. १०५०००।- (एक लाख पाँच हजार ) जम्मा गर्ने निर्णय गरियो ।

गुमानन्द बुढा
अध्यक्ष

आज मिति २०७७ साल जेष्ठ ७ गते विहान ८:०० बजे राप्ती गाउँपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति प्रस्ताव एवम निर्णयहरु तपसिल अनुसार रहेकाछन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी अध्यक्ष राप्ती गाउँपालिका

सदस्य श्री जगदम्बाकुमारी चौधरी राप्ती

सदस्य श्री टेकबहादुर कुमाल

सदस्य श्री वेदप्रसाद चौधरी

सदस्य श्री विष्णुबहादुर घर्ती क्षेत्री

सदस्य श्री कुवारी देवी कार्की

सदस्य श्री जगतबहादुर थापा

सदस्य श्री विष्णु गुरुङ

सदस्य श्री ताराबहादुर डि सी

सदस्य श्री गोकर्णबहादुर राना

सदस्य श्री गोवर्धन राउत

सदस्य श्री विद्याशरण चौधरी

सदस्य श्री सुनिता मल्ल

सदस्य श्री ताराकुमारी चौधरी

सदस्य श्री चन्दर चौधरी

सदस्य श्री रिमबहादुर सुनारी मगर

सदस्य श्री सञ्जिव परियार

सदस्य सचिव श्री शोभाराम रिजाल

आमन्त्रित

श्री धनप्रसाद शर्मा लेखा अधिकृत

श्री विश्वास वि.क. शाखा अधिकृत (सूचना अधिकारी) राप्ती गाउँपालिका

श्री नारायण राउत स्वास्थ्य संयोजक

श्री प्रभु महतो आ ले प सहायक राप्ती गाउँपालिका

श्री रेशमराज अधिकारी जिन्सी शाखा प्रमुख राप्ती गाउँपालिका

श्री सुभाष भट्टराई कम्प्युटर अपरेटर

राप्ती गाउँपालिका, गाउँकार्यपालिकाको मिति ०७६/०२/०७ को बैठकको निर्णय

**निर्णय नं. १** Covid – 19 रोगको विश्वव्यापी महामारीको कारण २०७६/१२/११ गते देखि लकडाउनको घोषणा भई अधिकांश कार्यालयहरु बन्द रहेको अवस्थामा अत्यावश्यक विदासम्म नलिई रोग नियन्त्रण रोकथाममा खटिने गाउँपालिकाका कर्मचारीहरुलाई नेपाल सरकारबाट जारी गरेको जोखिम व्यवस्थापन सम्वन्धी मापदण्डका आधारमा स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा अन्य कर्मचारीहरुलाई प्रोत्साहन रकम प्रदान गर्ने क्वारेन्टाइनमा खटिने जिल्ला तथा देश बाहिरबाट आएकाको परिक्षणमा खटिने होम क्वारेन्टाइनमा रहेकाको चेकजाँचमा खटिने स्वास्थ्यकर्मी तथा अन्य पदाधिकारीलाई उक्त दिन खाजा वापत जनही दैनिक रु ५०० । उपलब्ध गराउने ।

**निर्णय नं. २** गाउँपालिका तथा वडा समितिको निर्णय विना गाउँपालिका भित्रको कुनै पनि क्षेत्रमा कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणका नाममा विभिन्न व्यक्ति तथा संस्थाहरुले अराजक गतिविधिहरु संचालन गरेमा कानून बमोजिम कारवाहीका लागि सम्वन्धित निकायमा सिफारिस गर्ने ।

**निर्णय नं. ३** लकडाउन अवधीभर गाउँपालिकाभित्रका क्यारेन्टाइनहरुमा व्यवस्थापनका लागि पिकअप गाडी भाडामा लिने ।

**निर्णय नं. ४** राप्ती गाउँपालिकामा भारतबाट घर फर्कनको लागि नेपाल भारतका विभिन्न नाकाहरुमा आएका नागरिकहरुलाई उद्धार गरी गाउँपालिकाको क्यारेन्टाइनमा ल्याउने प्रयोजनको लागि सहजीकरण गर्ने र त्यसका लागि उपयुक्त सवारी साधन पठाउने ।

**निर्णय नं. ५** Covid – 19 रोगको महामारी बढ्दै गइरहेको सन्दर्भमा संकास्पद विरामीको जाँच तथा उपचार र +Ve Case लाई अस्पतालसम्म पुर्‍याउनकाल लागि सिमरहनिया स्वास्थ्य चौकी र लालमटिया स्वास्थ्य चौकीबाट सञ्चालित एम्बुलेन्सहरुलाई १/१ महिना आलोपालो गरी तयारी अवस्थामा राख्ने त्यसरी डीयुटीमा राखे वापत संस्थालाई मासिक रु २००००। र प्रयोग हुँदा इन्धन दिने र चालकलाई खाजा खर्च वापत दैनिक रु. ५०० । दिने ।

**निर्णय नं. ६** निर्णय नं ७ गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने अत्यावश्यक वाहेक अन्य कामहरु लकडाउन अवधीभर बन्द गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** वडास्तरमा कोरोना रोकथामका लागि माइकिङ लगायतको प्रसारप्रसारलाई निरन्तरता दिने ।

**निर्णय नं. ८.** राप्ती गाउँपालिकाको आर्थिक वर्ष ०७६/०७७ को वार्षिक बजेट तथा कार्यक्रममा उल्लेख भएको दलित संजाल समितिका लागि स्विकृत सिपमुलक तालिम तथा जनचेतना कार्यक्रम रु. ४००००० । (चार लाख) लाई गाउँपालिका भरीका दलितहरुको संख्या एकिन गरी कोरोना संक्रमण रोकथामका कारण वन्दावन्दीमा परेकाहरुलाई राहत वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** प्रदेश नं. ५, प्रदेश सरकार मार्फत उपलब्ध गराइने समपुरक अनुदानको लागि गत आ.व. मा ठेक्कालगाई क्रमागत योजनामा रहेका देहाएका बहुवर्षिय योजनाहरुलाइ सिफारिस गरी सोको लागत साझेदारीमा ५० प्रतिशत राप्ती गा.पाले व्यहोर्ने प्रतिवद्धता गर्ने निर्णय गरियो ।

| बहुवर्षिय योजनाहरु | कुल लागत अनुमान |
|---|---|
| १) राप्ती चक्रपथ कालो पत्रे | ३ करोड |
| २) लालमटीया पूर्व गल्ली, न्यौपाने गल्ली हुदै दाहसंस्कार जाने सडकको स्तर उन्नती | १ करोड ३ लाख |
| ३) मर्सुरिया वडका गल्ली सडक स्तर उन्नती | ५२ लाख ५० हजार |
| ४) पहरवा स्कुल देखि पत्थरगढहवा जाने सडकको स्तर उन्नती | ५२ लाख |
| ५) दोलाई खोला मझनी आर.सि.सि. पक्की पुल | दुइ करोड दुई लाख |

**निर्णय नं. १०** राप्ती गाउँपालिकाको आ.व. ०७६/०७७ को बजेटमा पत्थर गढवा सानो नदिमा पक्की पुल निर्माणको लागि विनियोजीत रकम अपुग हुने देखिएकोले गाउँपालिकाले आ.व. ०७६/०७७ समपुरक कोषका लागि विनियोजन गरेको रकम बाट रु ७० लाख सो योजनामा रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय न. ११** राप्ती गा.पा. वडा नं. १ मा रहेको नमुना आँपखोली ट्याङ्की निर्माण शिर्षकमा रु ५ लाख विनियोजन भएकोमा सो रकमबाट ट्याङ्की निमार्ण हुन नसक्ने भएकोले प्राविधिक स्टीमेटका आधारमा हाललाई पाइप खरिद, सबमर्सिबल मोटर खरिद तथा भल्व वक्स निमार्ण लगायतका कार्य गर्ने गरी आयोजनाको नाम "नमुना आँपखोली खानेपानी योजना" राख्ने निर्णय गरियो ।

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम राप्ती गाउँकार्यपालिकाको मिति २०७६/०२/०७ को बैठकको निर्णयहरु संख्या ११, प्रमाणित गर्दछु ।

[signature] ओमप्रकाश रिजाल प्र. प्र. अ. ०७६/०२/०८